# स्थानीय राजपत्र

भानु नगरपालिकाद्वारा प्रकाशित

खण्डः ०२ संख्याः ५ मितिः २०७६/०८/१९

भाग-२

भानु नगरपालिका

नेपालको संविधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधरणको लागि प्रकाशन गरिएको छ

## पशु सेवा शाखा वाट संञ्चालन गर्ने कार्यक्रमको कार्य विधि - २०७६

प्रमाणिकरण मिति २०७६/०८/१७

प्रस्तावना

भानु नगरपालिका पशु सेवा शाखाको आ.व.२०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रमहरु संचालन गर्दा वास्तविक कृषक/समुहहरु समक्ष लक्षित कार्यक्रमहरु पुगी पशु सेवा पेशालाई व्यवसाय उन्मुख र प्रतिस्पर्धी वनाई पशु सेवा क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्न टेवा पुगोस भन्ने उद्धेश्यले यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद : १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :–

१.१ यो कार्यविधिको नाम अनुदानमा वितरण हुने पशु सेवा कार्यक्रम अनुदान वितरण विधि-२०७६ रहेको छ ।
१.२ यो कार्यविधि भानु नगरकार्यपालिको वाट स्वीकृत भएको मिति वाट भानु नगरपालिका भर प्रारम्भ हुनेछ ।
१.३ परिभाषा :– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा
क) कृषक भन्नाले पशु विकास शाखा वाट प्रकाशित सूचना बमोजिम तोकिएको म्याद भित्र रितपूर्वकको निवेदनदर्ता गरी पशु वस्तु वा सेवा माग गर्ने व्यक्ति वा एकाघरको परिवारलाइ संझनु पर्दछ ।
ख) कृषक समुह भन्नाले साविक जिल्ला पशु सेवा कार्यालयमा नियमानुसार दर्ता भई नविकरण भईरहेको कृषक समुहलाइ जनाउँछ ।
ग) फार्म भन्नाले पशु सेवा का कार्यक्रम संचालन गर्ने उद्धेश्यले साना तथा घरेलु उद्योग विकास समितिमा नियमानुसार दर्ता भएका फार्मलाई संझनु पर्दछ ।
घ) सहकारी संस्था भन्नाले साविक डिभिजन सहकारी कार्यालयमा भानु नगरपालिकामा सहकारी ऐन अनुसार दर्ता भएका कृषि सहकारी संस्थाहरुलाई संझनु पर्दछ ।
ङ) कृषि पेशा भन्नाले मुख्य रुपमा कृषि/पशुजन्य उत्पादन कार्यमा संलग्न पेशालाई जनाउनेछ ।
च) पशु सेवा कार्यक्रम भन्नाले पशु सेवा शाखाको लागि भानु नगर परिषदवाट स्वीकृत कार्यक्रम/कियाकलापलाइ जनाउनेछ ।

## परिच्छेद : २
## सञ्चालन हुने कार्यक्रम/कियाकलापहरु

यस कार्यविधिमा पशु सेवा कार्यक्रम भन्नाले निम्न कियाकलापहरुलाई जनाउनेछ ।
१. पाडा पालन कार्यक्रम भन्नाले १० वटा भन्दा बढी पाडा पालन गरी आय आर्जन गरेका व्यक्ति वा समुह लाई जनाउनेछ ।
२.स्थानीय कुखुरा पालन भन्नाले ५० वटा भन्दा वढी लोकल कुखुराको माउ पालन गरी जैवीक विविधताको संरक्षण सम्वर्धन र आर्थीक विकासमा टेवा पुर्‍याउने लाई जनाउनेछ ।
३. लेर्यस कुखुरा पालन भन्नले २०० भन्दा वढी लेर्यस कुखुरा पालन र ५०० भन्दा माथी १५००सम्म साना कुखुरा पालन गर्ने र १५०० भन्दा माथी ठुला कुखुरा पालन गर्ने किसानलाई जनाउनेछ ।
४.ठेला गाडा भन्नाले व्यावसयिक रुपमा पशुपन्छि पालन गर्दै आएका किसानलाई मल र दाना ओसार पोसार (व्यावस्थापन)जनाउनेछ ।
५.मासु पसल वा डेरी सुधार भन्नाले सफा र स्वस्च्छ दुध,मासु उत्पादन र वजारीकरण लाई जनाउदछ ।
७.माछा पोखरी निर्माण वा मर्मत भन्नाले माछा पालन गर्नको लागी नयाँ पोखरी निर्माण गर्ने वा भत्कीएको पोखरीलाई पूर्न निमार्ण गरीएको लाई जनाउनेछ ।
८.महाजाल भन्नाले माछा पाली राखेका किसानहरुलाई माछा निकाल्न सजिलो हुने जाललाई जनाउनेछ ।

९.गोठ/खोर सुधार भन्नाले १० वटा माउ बाखा पालिराखेका,५वटा बंगुर पालिराखेका र३ वटा माउ गाई/भैँसी लाई जनाउदछ ।
१०.चुच्चो काट्ने मेसिन भन्नाले लेर्यस कुखुराको चुच्चो काट्ने डिबेकिङ्ग मेसिन भन्ने बुझिन्छ ।
११. ब्रसकटर भन्नाले व्यवसायिक रुपमा पशुपालन गर्दा घाँस  लाई काट्न प्रयोग हुने फलाम बाट बनको मेसिनलाई जनाउदछ
१२.मोटर वा एजीएटर भन्नाले माछा पालन गर्ने किसान हरुलाई पानीको अपृग भएको बेला वा अक्सीजनको कमी भएको बेला पानी लाई चलाएवान बनाउने लाई  जनाउनेछ ।
१३.भ्याक्सीन/खोप भन्नाले पशुपन्छी लाई रोग रोकथामका लागी प्रयोग गरिनेछ ।
१४.घाँस भन्नाले पशुवस्तु लाई खुवाउन प्रयोग गरिने पौष्टीक युक्त हरियो आहरा लाई जनाउँछ ।
१५. जुनोटीक   भन्नाले मानिस बाट पशु र पशु वाट मानिसमा सर्ने रोग बारे जनाउदछ ।
१६.सर्पको पासो भन्नाले माछा पोखरीमा सर्प नियन्त्रण गर्न पयोग गर्ने उपकरण ।
१७.क्यान  भन्नाले दुध ओसार पोसारमा  गर्न सजिलो हुने भाँडा ।

## परिच्छेद : ३
## कार्यक्रम छनौटको प्राथमिकिकरण

क) मा उल्लेखित पशु सेवाका कार्यक्रमहरु वितरण गर्दा निम्न बुँदाहरुमा केन्द्रित भएर प्राथमिकिकरण गरिनेछ ।
१. व्यवसायिक कृषक/फार्म/समुह/सहकारी
२. कृषक पहिचान/वर्गिकरणमा सम्वन्धित वडा कार्यालयमा दर्ता
३. आफ्नै लगानीमा व्यवसाय सुरु
४.आवश्यक पूर्वाधारहरुको व्यवस्था भएको/हुन सक्ने
५. जनशक्तिको पर्याप्तता
६. व्यवसायिक दक्षता/शीप र तालिम
७. सडक र बजारको पहुँच
८. महिला ,अपाङ्ग,,दलित,एकल महिला
९. कार्यक्रम संचलान गर्दा अघिल्लो बर्ष सेवा सुबिधा नपाउनेलाई प्राथमिकता दिइनेछ ।
१०. माछापोखरी बनाउँदा समुहको हकमा कम्तीमा २५ रोपनी र  व्यक्तिको हकमा कम्तीमा १ रोपनी हुनुपर्नेछ ।
११. अनुदान कार्यक्रम दिंदा काम सम्पन्न भईसकेपछि मात्र भुक्तानी दिइनेछ ।
१२. काम सम्पन्न भए नभएको  अनुगमन समितिको प्रतिबेदनको आधारमा निर्धारण गरिनेछ ।
१३. पशुसेवा केन्द्र/उपकेन्द्रमा संकलन भएको निबेदनहरुलाई रुजु गरी सो को बिबरण उतार गरी १ प्रति सम्बन्धीत वडा कार्यालयमा र १ प्रति पशुसेवा शाखामा निबेदन दिने म्याद सकिएको ३ दिन भित्र निबेदन सहित सम्बन्धीत सेवा केन्द्रले न.पा.को पशु सेवा शाखामा पठाई सक्नु पर्नेछ ।

**ख). फिल्ड/ अबलोकन /निरिक्षण**
१. सामाग्री अनुदानका लागी रितपुर्वको निवेदन /माग पत्र गरेका कृषक/समुहको स्थलगत फिल्ड निरीक्षण गर्न देहाय वमोजीमका ७ जना सदस्य रहेको अनुगमन टोली गढन हुनेछ ।

संयोजक - पशु शाखा प्रमुख -१
सदस्य- प्रमुख प्रशासकिय अधिकृतले तोकेको १ जना अधिकृत स्तरको कर्मचारी-१
सदस्य-पशृ शाखामा कार्यरत १ प्राविधिक कर्मचारी -२
सदस्य-सम्वन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेको जनप्रतीनीधी -१
सदस्य-आर्थिक विकाश शाखाका संयोजक वा निजले तोकिएको १ जना समिती सदस्य -१
सदस्य-सम्बन्धित पशुसेवा केन्द्र उपकेन्द्रमा कार्यरत १ जना प्रविधिक कर्मचारी
सदस्य- कृषि विकाश शाखा प्रमुख -१

**२ प्राविधिक प्रतिवेदन तयार गर्ने**

अनुगमान टोली निवेकहरुको स्थलगत फिल्ड निरिक्षण गरी प्रविधिक मुल्याक्न तयारी गरी नगरपालिकामा पेश गरीन्छ ।

स्वीकृत कार्यक्रम बजेटको सिमा भित्र रहेर वस्तु /सामाग्री /सेवामा अनुदानका लागि अनुगमन टोली दारा पेश भएको मुल्याङ्कनका आधारमा नगरपालिकाका प्रमुख प्रशासकिय अधिक्रतले स्वीकृत भए पछि कार्यक्रम संचालन हुनेछ ।

## परिच्छेद : ४
## कार्यक्रम छनौटका आधारहरु
# स्थानिय कुखुरा मुल्याङ्गकनका आधारहरु

| क.स | मूल्याङ्कनका आधार | अङ्क |
|---|---|---|
| १. | माउ कुखुरा संख्या **जम्मा** (४० अङ्क) | **४०** |
| | ५० वटा भन्दा बढी माउ भएको | २५ |
| | ५० वटा भन्दा कम माउ भएको | १५ |
| २. | **खोर ,तार जाली को राम्रो व्याबस्था जम्मा (१० अङ्क)** | **१०** |
| | अनकुल पूर्वाधारको सुविधा भएको | ७ |
| | अनकुल पूर्वाधारको सुविधा प्रप्यत नभएको | ३ |
| ३. | **उपयुक्त वातावरण, पानी र यातायातको सुविधा जम्मा (१० अङ्क)** | **१०** |
| | उपयुक्त वातावरण, पानी र यातायातको सुविधा भएको | ६ |
| | उपयुक्त वातावरण, पानी र यातायातको सुविधा नभएको | ४ |
| ४. | **उपयुक्त जमिन र चरनको व्यवस्था राम्रो भएको जम्मा (१५ अङ्क)** | **१५** |
| | उपयुक्त जमिन र चरनको व्यबस्था राम्रो भएको | १० |
| | उपयुक्त जमिन र चरनको व्यवस्था राम्रो नभएको | ५ |
| ५. | **अनुभव वा दक्षता जम्मा (५ अङ्क)** | **५** |
| | ४वर्ष भन्दा बढी | ३ |
| | ४ वर्ष भन्दा कम | २ |
| ६. | **मुख्या पेशा कृषि जम्मा (१० अङ्क )** | **१०** |
| | घरको कुल आम्दानीमा ५० % भन्दा माथी कृषि क्षेत्रको योगदान | ७ |

| | | |
|---|---|---|
| | घरको कुल आम्दानीमा ३० % भन्दा कम कृषि क्षेत्रको योगदान | ३ |
| ७. | **आर्थिक अबस्था(१० अंङ्क)**<br>**महिला ,अपाङ्ग ,दलीत, एकल महिला र आयस्तर कमजोर जम्मा**<br>**अन्य** | **१०**<br>**७**<br>**३** |
| | **जम्मा -** | १०० |

## बाखा मुल्याङ्गकनका आधारहरु

| क.स | मूल्याङ्कनका आधार | अङ्क |
|---|---|---|
| १. | माउबाखा संख्या (**५०अङ्क**)<br>**१० वटा माउबाखा भन्दा बढी**<br>**१० वटा माउबाखा भन्दा कम** | **३०**<br>२०<br>१० |
| २. | **पुर्बाधार ब्यबस्थापन जम्मा** (**२०अङ्क**)<br>अनुकुल पूर्वाधारको सुविधा भएको<br>अनकुल पूर्वाधारको सुविधा प्रयापत नभएको | **२०**<br>१२<br>८ |
| ३. | **खोर ब्यबस्थापन** (**२०अङ्क**)<br>माउ बाखा,पाठा पाठी, बोका छुट्टा छुट्टै राखिएको<br>माउ बाखा,पाठा पाठी, बोका छुट्टा छुट्टै नराखिएको | **२०**<br>१२<br>८ |
| ४. | **उपयुक्त जमिन र चरनको व्यवस्था (१५ अङ्क)**<br>उपयुक्त जमिन र चरनको व्यावस्था राम्रो भएको<br>उपयुक्त जमिन र चरनको व्यावस्था राम्रो नभएका | **१५**<br>१०<br>५ |
| ५. | **अनुभव वा दक्षता (५ अङ्क)**<br>५ वर्ष भन्दा बढी<br>५ वर्ष भन्दा कम | **५**<br>३<br>२ |
| ६. | **मुख्या पेशा कृषि (५ अङ्क )**<br>घरको कुल आम्दानीमा ५०%भन्दा माथी कृषि क्षेत्रको योगदान<br>घरको कुल आम्दानीमा ३०%भन्दा कम कृषि क्षेत्रको योगदान | **५**<br>३<br>२ |
| ७. | **आर्थिक अबस्था (५ अङ्क )**<br>**महिला ,अपाङ्ग ,दलीत, एकल महिला र आयस्तर कमजोर**<br>**अन्य** | **५**<br>**३**<br>**२** |
| | **जम्मा** | १०० |

## गाई/भैसी मुल्याङ्गकनका आधारहरु

| क.स | मूल्याङ्कनका आधार | अङ्क |
|---|---|---|
| १. | **४ वटा माउ अनिवार्य जम्मा ५० अङ्क** | ४५ |

| | | |
|---|---|---|
| | | |
| २. | **भकारो वा गोठ को राम्रे व्याबस्था जम्मा (१० अङ्क)**<br>अनकुल पूर्वाधारको सुविधा भएको<br>अनकुल पूर्वाधारको सुविधा प्रयापत नभएको | <br>१०<br>५ |
| ३. | **उपयुक्त वातावरण, पानी,र यातयातको सुविधा (१० अङ्क)**<br>उपयुक्त वातावरण, पानी,र यातयातको सुविधा भएको<br>उपयुक्त वातावरण, पानी,र यातयातको सुविधा अप्रयाप्त भएको | <br>१०<br>५ |
| ४. | **उपयुक्त जमिन र चरनको व्यावस्था राम्रो भएको (१५ अङ्क)**<br>उपयुक्त जमिन र चरनको व्यावस्था राम्रो भएको<br>उपयुक्त जमिन र चरनको व्यावस्था ठीकै भएका<br>उपयुक्त जमिन र चरनको व्यावस्था अप्रयाप्त भएका | <br>१५<br>१०<br>५ |
| ५. | **अनुभव वा दक्षता (५ अङ्क)**<br>७ वर्ष भन्दा बढी<br>४-७ वर्ष भन्दा<br>४ वर्ष भन्दा कम | <br>५<br>३<br>२ |
| ६. | **मुख्या पेशा कृषि (५ अङ्क)**<br>घरको कुल आम्दानीमा ५०%भन्दा माथी कृषि क्षेत्रको योगदान<br>घरको कुल आम्दानीमा ३०-५०% कृषि क्षेत्रको योगदान<br>घरको कुल आम्दानीमा ३०%भन्दा कम कृषि क्षेत्रको योगदान | <br>५<br>३<br>२ |
| ७. | **महिला ,अपाङ्ग ,दलीत, एकल महिला र आयस्तर कमजोर** | ५ |
| ८. | **पशु पालन ब्यबसायमा नयां प्रबेश** | ५ |
| | **जम्मा** | १०० |

## ब्याड वोका मुल्याङ्गकनका आधारहरु

| **क.स** | **मूल्याङ्कनका आधार** | **अङ्क** |
|---|---|---|
| १. | **बाखापालनको अबस्था जम्मा (४५ अङ्क)**<br>**समुह**<br>**ब्यक्ति** | **४०**<br>**२५**<br>**१५** |
| २. | **पूर्बाधार व्यबस्था जम्मा (१५ अङ्क)**<br>अनकुल पूर्वाधारको सुविधा भएको<br>अनकुल पूर्वाधारको सुविधा नभएको | **१५**<br>१०<br>५ |
| ३. | **उपयुक्त वातावरण, पानी र यातयातको सुविधा (१५ अङ्क)**<br>उपयुक्त वातावरण, पानी र यतयातको सुविधा भएको | **१५**<br>१० |

| | | |
|---|---|---|
| | उपयुक्त वातावरण, पानी र यतयातको सुविधा  नभएको | ५ |
| ४. | **उपयुक्त जमिन र चरनको व्यबस्था  (१५ अङ्क)**<br>उपयुक्त जमिन र चरनको व्यवस्था राम्रो भएको<br>उपयुक्त जमिन र चरनको व्यावस्था राम्रो नभएका | **१५**<br>१०<br>५ |
| ५. | **अनुभव वा दक्षता   ( ५ अङ्क)**<br>५वर्ष भन्दा बढी<br>५वर्ष भन्दा कम | **५**<br>३<br>२ |
| ६. | **मुख्या पेशा कृषि  (५ अङ्क)**<br>घरको कुल आम्दानीमा ५०%भन्दा माथी कृषि क्षेत्रको योगदान<br>घरको कुल आम्दानीमा ५०%भन्दा कम कृषि क्षेत्रको योगदान | **५**<br>३<br>२ |
| ७. | **आर्थिक अबस्था (५ अङ्क)**<br>**महिला ,अपाङ्ग ,दलीत, एकल महिला र आयस्तर कमजोर भएका**<br>**अन्य** | **५**<br>**३**<br>**२** |
| | **जम्मा** | १०० |

## माछापोखरी मुल्याङ्गकनका आधारहरु

| **क.स** | **मूल्याङ्गनका आधार** | **अङ्क** |
|---|---|---|
| १. | **नयाँ पोखरी खनेको /पोखरी मर्मत**<br>सामुहिक<br>ब्यक्तिगत | **५०**<br>३०<br>२० |
| २. | **माटोको अबस्था ( १५ अङ्क)**<br>चिम्टाइलो माट<br>वलौटे माटो | **१५**<br>१०<br>५ |
| ३. | **उपयुक्त वातावरण, पानीको सुविधा  (१५ अङ्क)**<br>उपयुक्त वातावरण र १२ माहीना पानीको सुविधा  भएको<br>उपयुक्त वातावरण नभएको,मौसममा मात्र पानीको  सुविधा   भएको | **१५**<br>१०<br>५ |
| ४. | **अनुभव वा दक्षता   ( ५ अङ्क)**<br>४वर्ष भन्दा बढी<br>४ वर्ष भन्दा कम | **५**<br>३<br>२ |
| ५. | **मुख्या पेशा कृषि  (५ अङ्क )**<br>घरको कुल आम्दानीमा ५०%भन्दा माथी कृषि क्षेत्रको योगदान<br>घरको कुल आम्दानीमा ५०%भन्दा कम कृषि क्षेत्रको योगदान | **५**<br>३<br>२ |

| | | |
|---|---|---|
| ६. | **आर्थिक अबस्था (१०अङ्क )**<br>**महिला ,अपाङ्ग ,दलीत, एकल महिला र आयस्तर कमजोर**<br>**अन्य** | **१०**<br>**७**<br>**३** |
| | **जम्मा** | १०० |

## स्थानिय सुगुर मुल्याङ्गकनका आधारहरु

| **क.स** | **मूल्याङ्कनका आधार** | **अङ्क** |
|---|---|---|
| १. | सुगुर संख्या(जम्मा ५० अङ्क)<br>समुहको सदस्यको प्रति सदस्य २ वा २ भन्दा बढी भएमा<br>समुहको सदस्यको प्रति सदस्य २ वा २ भन्दा कम भएमा | **५०**<br>३०<br>२० |
| २. | खोर ,तार जाली को राम्रे व्याबस्था (जम्मा १० अङ्क)<br>अनकुल पूर्वाधारको सुविधा भएको<br>अनकुल पूर्वाधारको सुविधा प्रयापत नभएको | १०<br>६<br>४ |
| ३. | उपयुक्त वातावरण, पानी,र यतयातको सुविधा (१० अङ्क)<br>उपयुक्त वातावरण, पानी,र यतयातको सुविधा भएको<br>उपयुक्त वातावरण, पानी,र यतयातको सुविधा अप्रयाप्त भएको | **१०**<br>६<br>४ |
| ४. | उपयुक्त जमिन र दानाको व्यवस्था (१५ अङ्क)<br>उपयुक्त जमिन र दानाको व्यवस्था राम्रो भएको<br>उपयुक्त जमिन र दानाको व्यवस्था राम्रो नभएको | **१५**<br>१०<br>५ |
| ५. | ५.अनुभव वा दक्षता (५ अङ्क)<br>४ वर्ष भन्दा बढी<br>४ वर्ष भन्दा कम | **५**<br>३<br>२ |
| ६. | मुख्या पेशा (५ अङ्क)<br>घरको कुल आम्दानीमा ५०%भन्दा माथी कृषि क्षेत्रको योगदान<br>घरको कुल आम्दानीमा ५०%भन्दा कम कृषि क्षेत्रको योगदान | **५**<br>३<br>२ |
| ७. | **आर्थिक अबस्था** (५ अङ्क)<br>**महिला ,अपाङ्ग ,दलीत, एकल महिला र आयस्तर कमजोर भएका**<br>**अन्य** | **५**<br>३<br>२ |
| | **जम्मा** | १०० |

१) **मल व्यवस्थापन को लागी ठेलागाडा** :

- कृषि/पशु सेवा कार्यक्रमहरु कम पुगेका क्षेत्रका कृषक/समुह
- व्यावसायक रुपमा पशु पन्छि पालन गर्ने कृषक

- विस्तारित क्षेत्रफल

२) **महाजाल ८०% अनुदान**

- व्यावसायक रुपमा पशु पंक्षी पालन गर्ने कृषक
- २ रोपनी भन्दा बढीमा माछा पालन
- सामुहिक प्रयोग
- विस्तारित क्षेत्रफल

३) **मासु पसल र डेरी सुधार** :

- दैनीक २० देखी ५० केजी भन्दा बढी मासु बिक्री गर्ने
- दैनिक १०० लि दुधको कारोवार
- सडक र बजारको पहुँच भएको

**४) मोटर वा एजीएटर**

- माछा पोखरी निर्माण भई सकेको
- सडक र बजारको पहुँच भएका

५) **चुच्चो काटने मेसीन**

- ३००० भन्दा बढी लेयर्स कुखुरा पालन गरेका प्राबिधिक/ किसान

माथि जे सुकै लेखिए तापनि कुनै ठाउँ वा किसानलाई आबश्यकता अनुसार १०० प्रतिशत अनुदानमा उतलब्ध गराउन सकिनेछ ।

## परिच्छेद : ५
## कार्यविधिको स्वीकृति र कार्यकम संचालन

१.यो कार्य विधि नगर कार्यपालिका वाट स्वीकृत भएपछि लागु हुनेछ । परिच्छेद ३ ख बमोजिम गठित समिति द्धारा फिल्ड अनुगमन गरी उपयुक्त कृषक/फार्म/समुह/सहकारीहरु लाई स्वीकृत कार्यकम र बजेटको सिमा भित्र रहि अनुदानका लागि प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने छन र प्रमुख प्रशासकिय अधिकृतले प्रचलीत ऐन नियम अनुसार स्वीकृत गरेपछी अनुदान उपल्बध हुनेछ ।
२.पशु सेवा शाखा संग सम्वन्धित कार्य स्विकृत गर्दा सम्बन्धित शाखाको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतको स्विकृत पछि संचालन हुनेछ ।